# स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग

**Kaumodaki: Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN: 2822 - 1567 (Print); ISSN: 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**विष्णुप्रसाद शर्मा**
Department of Nepali Education, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History:*** *Submitted 02 Nov. 2022; Reviewed 03 Dec. 2022; Accepted 25 Dec. 2022*
***Corresponding Author:*** *Bishnu Prasad Sharma*, ***Email:*** *sharmabishnu997@gmail.com*
***DOI:*** *https://doi.org/10.3126/kdk.v3i1.52126*

**लेखसार**

*प्रस्तुत लेख सिकाइ सहजीकरणका क्षेत्रमा केन्द्रित छ । यस लेखको उद्देश्य त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोगको अवस्थाका बारेमा शिक्षकहरूको धारणा पहिल्याउनु रहेको छ । यो अनुसन्धान गुणात्मक ढाँचा, व्याख्यावादी दर्शन, घटना अनुभव पद्धति र रचनावादी (निर्माणवादी) सिद्धान्तमा आधारित छ । यसका लागि पोखरा महानगरपालिकाका स्नातक तहमा अध्यापन गर्ने शिक्षकलाई सूचकका रूपमा लिई अन्तर्वार्ता उपकरणका माध्यमबाट उनीहरूका सिकाइ सहजीकरणसँग सम्बन्धित जीवन्त अनुभव सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई अभिलेखन गर्ने, सङ्केतन गर्ने र आशय (थिम) बनाई प्रस्तुतीकरणका साथ छलफल गरी निष्कर्ष निकालिएको छ । अनुसन्धानको प्राप्तितर्फ दृष्टि दिँदा उक्त तहका नेपाली भाषा विषयका विद्यार्थीहरू सिकाइमा नियमित, सक्रिय र सहभागी भएको पाइन्छ। सिकाइ सहजीकरणमा स्तरअनुसारका विधि, सामग्री, सूचना र प्रविधि तथा कक्षा व्यवस्थापन भएको पाइन्छ। सिकारुलाई सिद्धान्त र व्यवहारबिच समन्वय गराई आत्मप्रतिविम्बन र बहुबौद्धिकताको उपयोगका साथ ज्ञान हस्तान्तरण गर्ने नभई उनीहरूमा ज्ञानको निर्माण गर्ने अवसर दिनुपर्छ भन्ने शिक्षकको अभिमत देखिन्छ। सहयोगात्मक सिकाइ, सिर्जनात्मक र परियोजना कार्य तथा विद्यार्थीलाई नै समस्याको समाधान गर्न उत्प्रेरित गर्ने र आवश्यक पृष्ठपोषण दिने गर्नाले सिकारुमा अपनत्वको भावनाको विकास भई सिकाइमा स्थायी परिवर्तन आउने धारणा सम्बन्धित शिक्षकहरूको छ । अतः स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग गर्दा यस्ता पक्षहरूमा ध्यान दिनु आवश्यक देखिन्छ । सिकाइ सहजीकरणको उपयोगका विषयमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत लेखले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ।*

**शब्दकुञ्जी :** अपनत्व, समस्या समाधान, सहयोगात्मक सिकाइ, सिकाइ सहजीकरण, सिकारु

*Copyright 2023 © the Author(s) and the Publisher*

## विषय प्रवेश

विद्यार्थीहरूमा भाषिक सिप तथा पक्षको विकास गराउने उद्देश्य भाषा पाठ्यक्रममा राखिएको हुन्छ । यसमा सिकारुका शिक्षालयभित्र र बाहिरका अनुभवलाई व्यवस्थित र योजनाबद्ध रूपमा समेटिएको हुन्छ। यसबाट सिकारुका सामाजिक, मानसिक, आध्यात्मिक, नैतिक, संवेगात्मक तथा सर्वाङ्गीण विकासमा सहयोग पुग्ने अपेक्षा राखिएको हुन्छ (शर्मा र पौडेल, २०६९, पृ. ६५) । सिकारुका यिनै सिकाइ अनुभवलाई अधिकतम उपयोग गर्दै उनीहरूलाई सिर्जनशील, बौद्धिक प्रतिस्पर्धी, स्वावलम्बी, नैतिकवान् र चरित्रवान् बनाउन सिकाइ सहजीकरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सिकाइ बानी निर्माण पनि भएको र सिकाइ सहजीकरणबाट विद्यार्थीमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने धारणा जोन डिबे, भिगोत्स्की, बान्डुरालगायत (जु र ब्राउन, सन् २०१४, पृ. १९-४८) को छ। यसर्थ सिकाइ सहजीकरणका क्रममा बालबालिकाले फरक फरक समयमा प्राप्त गरेका फरक फरक अनुभवलाई सङ्गठित र विकसित गर्दै जानुपर्छ भन्ने मान्यता पाइन्छ । सिकारुले देखेका जानेका, भोगेका र गरेका कुराहरू सिकाइ अनुभव हुन् । कक्षाकोठाको सिकाइबाट प्राप्त गरेका यस्ता अनुभवले उनीहरूमा लक्ष्यानुसार व्यवहार परिवर्तन गर्न सहयोग गर्छ । यस आधारमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग महत्त्वपूर्ण हुने देखिन्छ ।

विद्यालय तथा महाविद्यालय तहको नेपाली भाषा सिकाइ सहजीकरणका क्षेत्रमा शोधार्थीको लामो संलग्नता र अनुभव रहेको छ । यसको परिणाम स्वरूप नेपाली भाषा कक्षामा हुने सिकाइ सहजीकरणलाई विद्यार्थीकेन्द्रित, अन्तरक्रियात्मक र जीवन्त बनाउनुपर्छ भन्ने मान्यताअनुसार शोधार्थीको रुचि नेपाली भाषा कक्षामा हुने सिकाइ सहजीकरणको उपयोगको खोजीतर्फ केन्द्रित भएको हो । प्रस्तुत अनुसन्धानले स्नातक तहमा गरिने सिकाइ सहजीकरणलाई सिर्जनात्मक, विश्लेषणात्मक, प्रायोगिक र उत्पादनात्मक बनाउन सहयोग गर्ने भएकाले अनुसन्धानको औचित्य र महत्त्व पुष्टि हुन्छ । यस सन्दर्भमा शोधार्थीद्वारा हालसम्म प्राप्त पूर्ववर्ती अध्ययनहरूले स्नातक तहमा केन्द्रित रही सिकाइ सहजीकरणको उपयोगका पक्षमा व्यवस्थित अध्ययन गरेको नपाइएको र प्रस्तुत अनुसन्धान यस क्षेत्र तथा कार्यमा केन्द्रित भएका कारण यस अनुसन्धान कार्यमा पर्याप्त अनुसन्धान अन्तराल पाइन्छ । अनुसन्धानमा पोखरा महानगरपालिकाका स्नातक तहमा नेपाली भाषा अध्ययन गर्ने शिक्षकसँग  सिकाइ सहजीकरणसँग सम्बन्धित भएर गरिएको अन्तर्वार्ताका आधारमा तथ्याङ्क सङ्कलन गरी तिनको विश्लेषणका माध्यमबाट प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ। अनुसन्धानलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको अनिवार्य र ऐच्छिक नेपाली भाषा सिकाइ सहजीकरणको उपयोगको अवस्था (२०६९) मा परिसीमित गरिएको छ।

## अनुसन्धानका समस्या र उद्देश्यकथन

विद्यालय तथा विश्वविद्यालय तहमा हाम्रो शिक्षण सिकाइ मूलतः शिक्षककेन्द्रित व्याख्यान विधिमा आधरित देखिन्छ । शिक्षक अगाडि उभिएर धेरै बोल्ने तर विद्यार्थी सुन्ने मात्र र सिकाइमा कम सहभागिता भएको देख्न सकिन्छ । यसबाट हाम्रो शिक्षण सिकाइ बैङ्किङ मेथड (फ्रिमेन र एन्डर्सन, सन् २०१६) मा आधारित भएको र उत्पादनात्मक तथा विश्लेषणात्मक नभएको पाइन्छ । यसले गर्दा कक्षामा पछाडि बस्ने धेरै सिकारु सिकाइमा पछि परेका साथै उनीहरूमा स्थायी सिकाइ नभएको देखिन्छ । उनीहरूले गरेर सिक्ने अवसर पाएका हुँदैनन् । हाम्रा प्रचलित शिक्षण सिकाइमा देखिने मूल समस्या यही नै मान्न सकिन्छ । यसबाट सिकारुका सर्वाङ्गीण पक्षको विकास नभएको, बहुबौद्धिकता (गार्डनर, सन् २००६) को उपयोग नभएको र सिकाइ प्रभावकारी नभएको अवस्था देखिन्छ ।

रिचर्डस र रोजर्स (सन् २०१६) ले भाषा शिक्षणलाई पाठ र सन्दर्भमा आधारित बनाई सिकाउनुपर्ने बताएका छन् । यस क्रममा शिक्षकको भूमिका सहजकर्ताका रूपमा हुने र सिकारुको भूमिका प्रस्तुतीकरण, अभ्यास र उत्पादन केन्द्रित हुनुपर्ने मान्यता राखेका छन् (पृ. २०४-२२१) । यसबाट शिक्षण सिकाइलाई विद्यार्थीमैत्री, सिर्जनात्मक र विश्लेषणात्मक बनाउनुपर्ने देखिन्छ । यसै गरी स्क्रिभर्नर (सन् २०१२) ले कक्षाकोठा व्यवस्थापन र सिकाइ सहजीकरण प्रक्रियाका बिच सम्बन्ध देखाउँदै सिकाइ सहजीकरणमा बसाइ व्यवस्थापन, पुस्तकालयको प्रबन्ध, शिक्षकको विद्यार्थीप्रति गरिने व्यवहार र सिकारुको सक्रिय सहभागिता महत्त्वपूर्ण हुने धारणा राखेका छन् (पृ. ३०-३२) । यस आधारमा सिकाइ सहजीकरणमा कमजोर विद्यार्थीलाई पनि औसतमा ल्याउन प्रयास गर्नुपर्ने साथै सिकाइ सहजीकरणमा शिक्षकको आत्मप्रतिबिम्बन र समर्पण आवश्यक हुने मानिन्छ । यस तर्कका आधारमा स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग पक्षको खोजी गर्ने कार्य आवश्यक हुने देखिन्छ । अतः प्रस्तुत अनुसन्धानसँग सम्बन्धित यिनै सन्दर्भ र प्राज्ञिक जिज्ञासाका आधारमा स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोगसम्बन्धी दृष्टिकोणको खोजी गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य रहेको छ ।

## सैद्धान्तिक ढाँचा

प्रस्तुत अनुसन्धानको सैद्धान्तिक आधार भिगोत्स्कीको सामाजिक निर्माणवादी सिद्धान्त (सन् १९७८) रहेको छ । यसका अतिरिक्त व्यावहारवादी सिकाइ सिद्धान्त र मनोवादी सिकाइ सिद्धान्तलाई पनि आवश्यकतानुसार उपयोग गरिएको छ । रसियन मनोवैज्ञानिक लिभ सेमिओनोभिच भिगोत्स्की (सन् १८९६-१९३४) द्वारा प्रतिपादित सामाजिक, सांस्कृतिक निर्माणवादी सिद्धान्तलाई सिकाइ सहजीकरणका क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । भिगोत्स्कीका तीन पुस्तक *थर्ट एन्ड ल्याङ्वेज* (सन् १९३७), *सेलेक्टेड साइकोलोजिकल स्टडिज* (सन् १९५६) र *माइन्ड एन्ड सोसाइटी* (सन् १९७८) ले सिकाइ सहजीकरणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् ।

भिगोत्स्कीको सामाजिक, सांस्कृतिक सिकाइ सिद्धान्त पूर्ववर्ती जोन डिबे (सन् १८५९–१९५२) को प्रयोगमा आधारित सामाजिक सिकाइ सिद्धान्त र जिन पियाजे (सन् १८९६–१९८०) को संज्ञानात्मक सिकाइ सिद्धान्तको विकसित र परिष्कृत रूप मानिन्छ । भिगोत्स्कीले सिकाइ सिकारुको सक्रियतामा भर पर्छ साथै यस प्रक्रियामा अग्रज वा आफूभन्दा ठुलाबाट प्राप्त हुने प्रभावकारी सहयोगबाट सिकाइमा गतिशीलता आउँछ र सिकाइ सरल हुन्छ भन्ने नवीन विचार अघि सारेका छन् (सन् १९७८, पृ. ५७) । भिगोत्स्कीको यस सिद्धान्तले सिकारुलाई सक्रिय खोजकर्ताका रूपमा र शिक्षकलाई सहजकर्ताको भूमिकामा रहन निर्देशन गर्छ । यसले सिकारुको रुचि, अन्तःप्रेरणा र संस्कृतिसँगको सम्बन्ध फरक फरक हुनाले सिकारुको सिकाइ क्षमता फरक फरक हुन्छ भन्ने मान्यता राख्छ । अतः यस आधारमा शिक्षण सिकाइका क्रममा खेल, मनोरञ्जन, विशेषज्ञसँगको साक्षात्कार, समाज र संस्कृतिसँगको सम्बन्धजस्ता पक्ष वा कार्यलाई महत्त्व दिनुपर्छ । भिगोत्स्कीको सिद्धान्तमा आधारित रचनात्मक शिक्षणपद्धतिबाट सिकारुमा ज्ञान आर्जनको भोक जगाउन र सक्रिय सहभागितामार्फत सार्थक सिकाइमा जोड दिन सकिन्छ । शिक्षण सिकाइलाई समाज र संस्कृतिसँग जोड्नुपर्छ, शिक्षामा माटोको सुगन्ध आउनुपर्छ (आचार्य, २०७७, पृ. १७) भन्ने मान्यता यसमा पाइन्छ । अतः सामाजिक निर्माणवादी सिद्धान्तले हरेक सिकारुले सामाजिक वातावरणसँगको नियमित अन्तरक्रियाबाट सिकाइ गर्छ भन्ने मान्यता राख्छ । पियाजेले भनेजस्तो सिकाइ सिकारुले नयाँ ज्ञानमा सम्मिलन र समायोजन हुने मानसिक प्रक्रिया मात्र नभएर समाजपरक अन्तरक्रियाको परिणाम हो भन्ने निष्कर्ष सामाजिक निर्माणवादी सिद्धान्तमा पाइन्छ । अतः यस सिद्धान्तले शिक्षक विद्यार्थी

सम्बन्धलाई अनिवार्य ठान्छ ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा आधारित छ । यसो हुनाले अनुसन्धानमा व्याख्यावादी दर्शन र घटना अनुभव पद्धतिलाई आधार बनाइएको छ । अनुसन्धानको दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमशः स्पष्ट पारिएको छ :

**दार्शनिक स्थिति :** प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ । व्याख्यावादी दर्शनले साहित्यिक, सामाजिक, शैक्षिक तथा मनोवैज्ञानिक क्षेत्रका विविध सत्य तथ्यको खोजी गर्ने हुनाले अनुसन्धानबाट प्राप्त सत्य शिक्षकका सिकाइ सहजीकरणसँग सम्बन्धित धारणालाई मानिएको छ । यसै गरी निर्माणवादी सिद्धान्त, सिकाइ सहजीकरणसँग सम्बन्धित शिक्षकका धारणा र सम्बन्धित पुस्तक, सन्दर्भ पुस्तक, शोधपत्र, आलेखलगायत प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यलाई ज्ञानको स्रोतका रूपमा लिइएको छ । यस्तो ज्ञान विषयगत प्रकृतिको रहेको छ । यसै गरी अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्यका रूपमा लिइएको छ र यस्तो मूल्यलाई सापेक्ष वा उपयोगितावादी कोणबाट हेरिएको छ । अनुसन्धानमा तथ्याङ्कबाट प्राप्त तथ्य र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ ।

**तथ्याङ्क सङ्कलन र विश्लेषण विधि :** प्रस्तुत अनुसन्धान घटना अनुभव पद्धतिमा आधारित भएकाले सोद्देश्यमूलक विधिका माध्यमबाट पोखरा महानगरपालिकाका स्नातक तहमा नेपाली भाषा सिकाइ सहजीकरण गर्ने छ जना शिक्षकलाई सूचकका रूपमा लिइएको छ । अन्तर्वार्ता मार्गदर्शनका माध्यमबाट सूचकसँग दुई दुई पटक अन्तर्वार्ता लिई विषयगत तथ्याङ्क सङ्कलन गरिएको छ । उपलब्ध तथ्याङ्कसँग परिचित हुने, तथ्याङ्कलाई सङ्गठित गर्ने, तथ्याङ्कको सङ्केतन (कोडिङ) गर्ने, सङ्केतनका आधारमा आशय वा सार (थिम) को निर्माण गर्ने गरिएको छ । यसैगरी उद्देश्यअनुसार तथ्याङ्कको कार्यकारण सम्बन्ध कायम गरी तथ्याङ्कको व्याख्या विश्लेषण र प्रतिबिम्बनका साथ निष्कर्ष निकालिएको छ । तथ्याङ्कको विश्लेषणमा व्याख्यावादी दर्शन र निर्माणवादी सिद्धान्तको आधार लिइएको छ । तथ्याङ्क सङ्कलन र विश्लेषणमा गुणात्मक अनुसन्धानका मानक आधारलाई अवलम्बन गरी नैतिक मूल्यको सुनिश्चितता कायम गरिएको छ ।

## तथ्याङ्कको प्रस्तुतीकरण

सिकाइ सहजीकरणलाई सिकारुमैत्री अवधारणाका रूपमा लिइन्छ । पछिल्ला समयमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका कक्षाहरूमा सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउने अवधारणा आएको छ । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानमा स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई पुष्टि गर्न सूचकबाट प्राप्त तथ्याङ्कलाई विभिन्न आशय वा सारगत उपशीर्षकमा आधारित बनाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### विधि तथा कार्यकलाप :

त्रिभुवन विश्वविद्यालयको स्नातक तहमा अनिवार्य र ऐच्छिक नेपाली भाषा सिकाइ सहजीकरणमा मूलतः व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, कक्षाकार्य गृहकार्य जस्ता विधि तथा कार्यकलापको उपयोग गरिएको शिक्षक अमृतको अभिमत छ । यसै गरी खोज, समस्या समाधान, भाषिक खेलजस्ता विधि र कार्यकलापको पनि उपयोग गरिएको धारणा शिक्षक आरती र चारको छ । यसैगरी परिचय, आगमन, निगमन, समूहकार्य, प्रयोगात्मक

कार्य, कथाकथन, घटना वर्णन जस्ता विशिष्ट विधिको समेत ऐच्छिक नेपाली सिकाइ सहजीकरणमा उपयोग गरिएको धारणा शिक्षक नारायणको छ । यसमा कक्षाको आकारअनुसार श्रवण, कथन, टिपोट र खोज पनि गराइने र शिक्षणमा सघन व्याख्या आवश्यक पर्ने अभिमत शिक्षक कृष्णको छ । यस सन्दर्भमा शिक्षक आरतीको अभिमत छ :

> स्नातक तहमा नेपाली सिकाइ गर्दा परम्परागत व्याख्यान, छलफल, विधिको बहुल प्रयोग हुन्छ । सूचना, प्रविधिको प्रयोग पनि केही हुन्छ । अनलाइनका बेलामा स्लाइडको प्रयोग गरियो । इन्टरनेटबाट केही सामग्री खोजेर पढ्ने पढाउने गरिन्छ । यसमा खोज, समस्या समाधान, प्रस्तुतीकरणजस्ता विधिको प्रयोग पनि गरिन्छ । कुनै शीर्षकमा आधारित छलफल भएपछि त्यसमा आधारित अन्य उपशीर्षकको अर्थ, विषय, सन्दर्भ खोज्न लगाई प्रस्तुत गर्न लगाइन्छ ।

शिक्षक आरतीलगायत शिक्षकहरूको अभिमतअनुसार स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा धेरै सामान्य र केही विशिष्ट विधि तथा कार्यकलापको उपयोग भएको पाइन्छ । यसमा सिकारुमैत्री र सहभागितामूलक विधि तथा कार्यकलापको उपयोग बढाउन सान्दर्भिक देखिन्छ। फ्रिमेन र एन्डर्सन (सन् २०१६) तथा रिचर्डस र रोजर्स (सन् २०१६) ले पनि सिकाइ सहजीकरणमा सिकारुमैत्री विधि तथा कार्यकलापको उपयोगमा जोड दिएको पाइन्छ।

**कक्षा व्यवस्थापन :**

नेपाली भाषा सिकाइ सहजीकरणका सन्दर्भमा कक्षा व्यवस्थापनको चर्चा गर्दा शिक्षक अमृत, दुई र चारको अभिमत छ- कक्षामा बसाइ व्यवस्था आयाताकारको छ । हरेक बेन्चमा दुई वा तीनजनाका दरले विद्यार्थी बस्ने गर्छन् । यस क्रममा छात्रछात्रा अलग अलग नभई मिलेर बस्छन् । उनीहरूलाई कक्षामा पढ्नका लागि पुस्तकहरू छैनन् । खास क्याम्पसका पुस्तकालयमा नै गएर विभिन्न लेखकका पुस्तकहरू पढ्न लगाइन्छ । यसका विपरीत केही कक्षाहरू गोलाकार पनि भएको र विभागमा पुस्तकालय रहेको धारणा शिक्षक दुर्गाको छ । कक्षा व्यवस्थापनका विषयमा शिक्षक कृष्णको धारणा छ :

> स्नातक तहमा कक्षा व्यवस्थापनलाई हेर्दा आयाताकार वा परम्परागत लहरमा राखिएको छ । यो बसाइ स्वेच्छिक रूपमा बसेका हुन्छन् । केही विद्यार्थी पछि बसेकालाई अघि ल्याउने, छात्र, छात्रालाई पालो गरी पढ्न र बोल्न लगाउने गरिन्छ । पुस्तकालय कक्षामा नै उपलब्ध छैन । कक्षामा दराज राख्ने, चाँबी शिक्षकले लिने र आवश्यकताअनुकूल उपयोग गर्न सके सिकाइ सहजीकरण प्रभावकारी हुने देखिन्छ । विभागमा पनि त्यो अवसर उपलब्ध छैन ।

यसरी विभिन्न शिक्षकहरूको अभिमतलाई हेर्दा स्नातक तहको कक्षा व्यवस्थापन पूर्णतः विद्यार्थीमैत्री र प्राज्ञिक बन्न सकेको देखिँदैन । पुस्तकालयको उपयोग, शैक्षणिक र प्रदर्शन पाटी तथा कक्षामा श्रव्य दृश्य सामग्रीको उपयोग, सिकारुमैत्री बसाइ व्यवस्थापन जस्ता पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ । स्क्रिभर्नर (सन् २०१२) ले पनि सिकाइको सफलतामा कक्षा व्यवस्थापन महत्त्वपूर्ण पक्ष रहेको स्पष्ट पारेका छन् ।

**सूचना र प्रविधिको उपयोग :**

स्नातक तहको नेपाली सिकाइ सहजीकरणमा सूचना र प्रविधिको उपयोग गर्ने सन्दर्भमा शिक्षक अमृतको धारणा छः हाम्रा सबैजसो कोठाहरू सूचना र प्रविधिको प्रयोग गर्न मिल्ने गरी बनाइएको छ । तर हाम्रो नेपाली भाषा साहित्यका कक्षाहरूमा बढीजसो छलफल, अन्तरक्रिया नै गर्न उपयुक्त हुने भएका कारण यसको उपयोग कम गरिन्छ । यस्तो भए तापनि भाषा, व्याकरण र साहित्यसँग सम्बन्धित सामग्री अनलाइनबाट खोज्ने, खोज्न

लगाउने, प्रस्तुत गर्ने र छलफल गराउने गरिएको छ । यसै गरी शिक्षक आरतीका विचारमा स्नातक तहमा अध्यापन गराउने कक्षाकोठा प्रविधिमैत्री नभए पनि आवश्यकताअनुसार गुगल, युट्युवलगायत स्रोतबाट भाषा, व्याकरणसँग सम्बन्धित सामग्री खोज्ने र तिनको उपयोग गरिन्छ । यसै गरी दुर्गाले पनि साहित्यकारको परिचय, शिक्षण विधि, अनुसन्धानका सामग्री, शब्दकोश र व्याकरणका पाठ्यवस्तुहरूको शिक्षणमा सूचना र प्रविधिको प्रयोग गर्ने गरेको बताएका छन् । यस सन्दर्भमा शिक्षक दुर्गाको अभिमत छ -

> सिकाइ सहजीकरणमा सूचना र प्रविधिको चर्चा गर्दा हाम्रा धेरैजसो कक्षाहरूमा सूचना र प्रविधिको उपयोग गर्न मिल्ने देखिन्छ । विषयको प्रकृतिअनुसार कुनै कुनै विषयको खोजीका लागि प्रविधिको प्रयोग आवश्यक छ । कविता पढाउँदा लयबोध, व्याकरणको खोज, शब्दकोशको प्रयोग गर्नमा प्रविधिको प्रयोगले सजिलो हुन्छ । फेसबुक, म्यासेन्जर ग्रुप, जुम, टिम्सजस्ता प्रविधिका माध्यमबाट पनि शिक्षणसिकाइ कार्य गरिएको छ । यसबाट बुँदा, टिपोट, प्रस्तुतीकरण जस्ता कार्य गरिन्छ ।

सिकाइ सहजीकरणमा सूचना र प्रविधिको प्रयोग गर्ने सन्दर्भमा यहाँ प्रकट विचारका आधारमा हाम्रा धेरैजसो कक्षाहरूमा सूचना र प्रविधिको प्रयोग भएको देखिन्छ । यिनीहरूलाई नियमित उद्देश्यमूलक र प्रभावकारी बनाउनु जरुरी छ ।

**सिर्जनात्मक र परियोजना कार्य :**

नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गर्ने सन्दर्भमा सिर्जनात्मक कलामा कमी भएको पाइएको, उनीहरूलाई लेखेर ल्याऊ भन्दा शिक्षकले नै भनिदिए हुन्थ्यो, लेखिदिए हुन्थ्यो भनेर आफू लेख्न अल्छी गरेका तथा परियोजना कार्य गर्न त्यति अग्रसरता नदेखाएको धारणा शिक्षक अमृतको छ । यसै गरी आङ्गिक क्याम्पसका सन्दर्भमा पाठ्यवस्तु अनुकूल बुँदा दिएपछि त्यसलाई विस्तार गर्न, आफैं नोट तयार गर्न र अन्य सिर्जनात्मक काम गर्न विद्यार्थी प्रायः सक्रिय भएको अभिमत शिक्षक आरतीको छ । त्यस्ता विद्यार्थीले परियोजना कार्य भने चौथो वर्षमा गएपछि मात्र गर्ने गरेको उनको धारणा छ । यसै गरी शिक्षक जमुना र पाँचको पनि यस्तै धारणा छ- विद्यालय तहमा जस्तो धेरै कथा, कविता, निबन्ध लेख्न त मन गर्दैनन् तर अन्य पाठ्यवस्तु अनुकूलका सिर्जनात्मक तथा परियोजना कार्यहरू गर्न अनिवार्य लगाएको खण्डमा भने त्यसलाई प्रायः विद्यार्थीले पूरा गर्छन् तर केहीले भने यसमा अल्छी पनि गरेका छन् । परियोजना कार्यका सन्दर्भमा शिक्षक कृष्णको भिन्न मत छ-

> स्नातक तहको नेपाली भाषा पाठ्यक्रममा परियोजना कार्य गराउने भनिएको छ । यसलाई विद्यालय तहमा सुनाइ र बोलाइका लागि २५ अङ्क छुट्याइएजस्तै यहाँ पनि १०।२० अङ्क छुट्याइदिने हो भने विद्यार्थीलाई पनि गराउन सजिलो हुन्थ्यो । परियोजना कार्य गर्न समूह छुट्याइने, शीर्षक दिइने हुन्छ तर विद्यार्थीले गर्न नपरेझैं गर्ने, पटक पटक कोट्याउनु पर्ने, गर्न दबाब दिन प्रेरित गर्नुपर्ने अवस्था छ । आफूले गर्नुपर्छ भन्ने भाव नजाग्ने । यो त पाठ्यांशकै पनि त्रुटि छ ।

शिक्षक कृष्णलगायत शिक्षकको अभिमतका आधारमा स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा सिर्जनात्मक तथा परियोजना कार्य स्तर अनुकूल सबै विद्यार्थीले पूरा गरेको देखिँदैन । यस्ता कार्यको नियमितता र सफलताबाट नै सिकारुमैत्री सिकाइले पूर्णता पाउने देखिन्छ ।

**उत्प्रेरणा र पृष्ठपोषण :**

स्नातक तहको नेपाली सिकाइ सहजीकरणमा आवश्यकतानुसार उत्प्रेरणा र पृष्ठपोषण दिइएको शिक्षक अमृतको प्रतिक्रिया छ । कक्षाकार्य, गृहकार्य, आन्तरिक परीक्षा, बाह्य परीक्षालगायत विद्यार्थीका शैक्षिक कार्यमा

हामीले सदैव उनीहरूलाई उत्प्रेरित गर्छौं र आवश्यक पृष्ठपोषण दिन्छौं भन्ने अभिमत शिक्षक आरती र चारको पनि छ । सिकाइमा उत्प्रेरणा एक प्रमुख आधार वा धर्म हो । आफू उत्प्रेरित हुन सकिएन र विद्यार्थीलाई उत्प्रेरित गराउन सकिएन भने सिकाइ गतिहीन र निरस हुन्छ, पठनपाठनमा तालमेल मिल्दैन । अतः शिक्षकले विद्यार्थीलाई पढौँ पढौँ भन्ने भावनाको विकास गराउनुपर्छ भन्ने धारणा शिक्षक नारायणको छ । यसै गरी सिकारुको वर्तमान र भविष्यप्रतिको भाव दर्शाउँदै आन्तरिक क्षमता प्रस्फुटनमा उत्प्रेरणा र पृष्ठपोषण निरन्तर दिनुपर्छ र दिइन्छ भन्ने अभिमत शिक्षक शिक्षक दुर्गाको छ -

> स्नातक तहको सिकाइ सहजीकरणमा उत्प्रेरणा र पृष्ठपोषण निरन्तर आवश्यक पर्ने पक्ष हुन् । विभिन्न पुस्तक पढ, नियमित आऊ, लेख, सुन भनेर प्रेरणा दिने साथै उनीहरूले गरेका काममा पृष्ठपोषण दिने, अझ राम्रो गर भन्ने जस्ता कार्य गराइन्छ । कक्षा प्रस्तुतीकरण, कक्षाकार्य, गृहकार्य जस्ता कार्यमा उनीहरूलाई हौंस्याउने र उनीहरूसँग नजिक हुन सहयोग मिल्ने हुन्छ । उनीहरूका सिकाइसँग सम्बन्धित समस्या बुझ्न र तिनको समाधान गर्न पनि उत्प्रेरणा र सबलीकरणले सहयोग पुगेको छ ।

शिक्षक दुर्गालगायतको अभिमतका आधारमा स्नातक तहको नेपाली सिकाइ सहजीकरणका सन्दर्भमा विद्यार्थीलाई निरन्तर रूपमा उत्प्रेरणा र पृष्ठपोषण आवश्यक पर्ने हुँदा यसलाई आवश्यकतानुसार उपयोग गरिएको पाइन्छ । व्यवहारवादी सिकाइ सिद्धान्तले पनि सिकाइमा उत्प्रेरणा र पृष्ठपोषणलाई जोड दिएको छ ।

**योजनाबद्ध शिक्षण :**

स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा योजनाबद्ध शिक्षणलाई उपयोग गर्ने सन्दर्भमा शिक्षक अमृतले वार्षिक योजना बनाएर शिक्षण गरेको बताएका छन् । उनका अनुसार वार्षिक योजनाअनुसार समयमा नै पठनपाठन गरी दोहोऱ्याउन पनि सकिएको छ। उनले वार्षिक योजना बनाउँदा विशिष्ट उद्देश्य, शैक्षणिक सामग्री, कार्यकलाप र मूल्याङ्कनलाई आधार बनाएको बताएका छन् । शिक्षक आरतीका अनुसार शैक्षणिक योजना वार्षिक र दैनिक रूपमा बनाएको र यस्तो योजना डायरी तथा पाठपत्रमा तयार गरेको जनाएका छन् । शिक्षक दुर्गाका अनुसार क्याम्पसमा क्युएए (QAA) कार्यक्रम पनि आएकाले यस्तो योजना दैनिक र वार्षिक रूपमा क्याम्पसको डायरीमा नै बनाइन्छ । शिक्षक जमुनाले भने स्नातक तहमा नेपाली भाषाशिक्षण गर्दा शैक्षणिक योजना वार्षिक, त्रैमासिक र दैनिक रूपमा बनाउने गरेको तर यसको हुबहु कार्यान्वयन नभएको जनाएका छन् । शिक्षक नारायणको पनि यस्तै धारणा छ । उनी भन्छन्- शिक्षणलाई योजनाबद्ध बनाउने क्रममा पाठयोजना दैनिक तथा वार्षिक रूपमा बनाइन्छ तर यसको नियमितता भने भएको छैन, कार्यान्वयनका सन्दर्भमा भने केही तलमाथि परेको छ । योजनाबद्ध शिक्षणका सन्दर्भमा शिक्षक कृष्णको अभिमत छ :

> शिक्षण सिकाइ प्रक्रियामा योजना अनिवार्य छ । लिखित रूपमा दैनिक, वार्षिक योजना नबनाए पनि आज मैले के पढाउँछु, कसरी मेरो कक्षा प्रभावकारी बनाउने हो, भोलि म के पढाउँछु भन्ने मानसिक योजना मैले सधैँ बनाउने गर्छु । अघिल्लो दिन नै अध्ययन गरेर शिक्षणलाई गतिशील बनाउन र आफ्नो कार्यलाई सफल बनाउन यो कार्य गरिएको छ ।

शिक्षक कृष्णलगायत शिक्षकको अभिमतका आधारमा शिक्षण योजनाबद्ध गर्न खोजिएको र त्यसको कार्यान्वयनमा एकरूपता नदेखिएको पाइन्छ । विषय शिक्षकद्वारा गरिने वार्षिक, एकाइगत तथा दैनिक रूपमा गरिने सिकाइ सहजीकरण योजना नै सफल सिकाइको आधार हो भन्ने मान्यतालाई नेपाली भाषा कक्षामा पूर्ण रूपमा कार्यान्वयन भएको अवस्था देखिँदैन ।

**प्रस्तुतीकरण, अभ्यास र उत्पादन :**

नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणका क्रममा प्रस्तुतीकरण, अभ्यास र उत्पादनको उपयोग गर्ने सम्बन्धमा सर्वप्रथम विद्यार्थीको भाषिक पृष्ठभूमिअनुसार पाठ्यवस्तुमा केन्द्रित भई उनीहरूले जानेका कुरा भन्न लगाइन्छ, यसमा केन्द्रित भएर प्रशस्त अभ्यास गराइन्छ र अभ्यासपछि उनीहरूले जानेका कुरा, प्रस्तुत गर्छन्, मौलिकपनको अभिव्यक्ति दिन्छन् भन्ने धारणा शिक्षक अमृतको छ । यसमा विद्यार्थीको रुचि र सक्रियता तल्ला कक्षामाभन्दा माथिल्ला कक्षामा कम भएको तथा छात्राभन्दा छात्रको सक्रियता कम देखिएको शिक्षकहरूको अभिमत छ । अभ्यास व्यक्तिगत र सामूहिक रूपमा भएको र सिकाइपछि उनीहरूमा केही न केही नयाँ ज्ञानको निर्माण भएको, सिर्जनशीलताको विकास भएको र ज्ञानको सुदृढीकरण भएको पाइएको शिक्षक जमुनाको स्पष्टोक्ति छ । एकीकृत विधिबाट सिकाइ सहजीकरण गर्दा करिब ७० प्रतिशत विद्यार्थीमा नयाँपन तथा मौलिकता आएको शिक्षक कृष्णको अभिमत छ । सिकाइमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनको उपयोगका विषयमा शिक्षक दुर्गाको अभिमत छ :

> सिकाइ सहजीकरणमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनको उपयोग आवश्यक छ । कक्षामा पाठ्यक्रमको उद्देश्यअनुसार पाठ्यवस्तुको प्रस्तुति हुन्छ । विद्यार्थीले पनि पाठ प्रस्तुत गर्छन् । यसमा विभिन्न शीर्षक उपशीर्षकमा केन्द्रित रही विद्यार्थीले छलफल प्रश्नोत्तर, जिज्ञासा, आलोचना, विश्लेषणजस्ता कार्य गर्दछन् । तर्क वितर्क हुन्छ र विद्यार्थीको मनोविज्ञानमा उच्चताग्रन्थी, हिनताग्रन्थी, कुण्ठा, आवेग हुँदो रहेछ भन्ने जानकारी पाउँछन् । अभ्यासपछि विद्यार्थीमा नयाँ ज्ञानको निर्माण हुने र मौलिकताको विकास हुने देखिन्छ ।

शिक्षक दुर्गा तथा अन्य शिक्षकको अभिमत बुझ्दा स्नातक तहको सिकाइ सहजीकरणमा एकीकृत विधिको उपयोग सान्दर्भिक र आवश्यक देखिन्छ । सिकाइ बानी निर्माणमा आधारित भएकाले सहजीकरणमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई महत्त्व दिई यसलाई सफल र जीवन्त बनाउन सम्बन्धित पक्ष समर्पित हुन जरुरी छ ।

**सहयोगात्मक सिकाइ :**

स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइलाई उच्च महत्त्व दिएको धारणा शिक्षक अमृतले राखेका छन् । यस्तो सहयोग समूहकार्य, टोली नेताबाट प्रस्तुतीकरण हुँदै आवश्यक छलफल र पृष्ठपोषण हुने गरेको उनको स्पष्टोक्ति छ । समूह निर्माण गर्दा भने भाषा, जाति, क्षमता, लिङ्गजस्ता समावेशितालाई भन्दा बेन्चगत तथा बसाइगत आधारमा गरिएको उनको अभिमत छ । समूहकार्य गर्दा शिक्षकले विशेष सहयोग गर्छन्, सूचनाको आदानप्रदानबाट उनीहरूमा ज्ञानको निर्माण हुने धारणा शिक्षक आरतीको छ । समूहमा राम्रो लेख्ने विद्यार्थीका कापी कमजोर क्षमताका विद्यार्थीलाई लगेर देखाई लेखनको ढाँचा, भाषाशैली आदिबारे स्पष्ट पार्न सकिने शिक्षक दुर्गाको अभिमत छ । यस्तो कार्यबाट समस्याको पहिचान र समाधान गर्न तथा तत्कालै पृष्ठपोषण पाउन विद्यार्थीलाई सजिलो हुने धारणा शिक्षक जमुनाको छ । यस्तै सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइको उपयोगका सन्दर्भमा शिक्षक कृष्णको अभिमत छ :

> स्नातक तहको नेपाली भाषा सिकाइमा सहयोगात्मक सिकाइ आवश्यक छ । यो कार्य सबै पाठ्यांशमा गराउन सके झन् प्रभावकारी हुन्छ । समूहकार्य र नेता छान्न विभिन्न आधारलाई अपनाउन सकिएको छैन । भाषागत, जातिगत, क्षेत्रगत दृष्टिले हेर्दा त्यस्ता विद्यार्थी सिकाइमा अग्रसर नहुने समस्या छ । यो सङ्ख्या ३० प्रतिशत देखिन्छ । उनीहरू यसमा पछाडि नै छन् । टोली नेता, मध्यम स्तरको नै छनोटमा परेको छ ।

यसमा अलि टाठो र बोल्नेभन्दा ठिक्क बोल्नेलाई लिँदा दुबै समूहको प्रतिनिधित्व भएजस्तो हुन्छ । कतिपय टाठो विद्यार्थीले शिक्षकलाई पनि सहयोग गर्छन् ।

यसरी शिक्षक कृष्ण तथा अन्य शिक्षककहरूको अभिमततर्फ दृष्टि दिँदा स्नातक तहको सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइ व्यवस्थित रूपमा नभए पनि विभिन्न किसिमले हुँदै आएको र गरिएको देखिन्छ । रिचर्डस र रोजर्स (सन् २०१६), अडबा (सन् २०१७) तथा सिंजाली (सन् २०१७) ले पनि सहयोगात्मक सिकाइलाई महत्त्व दिन्छन् ।

**शिक्षक विद्यार्थी अन्तरक्रिया :**

स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा शिक्षक विद्यार्थी अन्तरक्रिया महत्त्वपूर्ण हुने र यस्तो अन्तरक्रिया शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थीबिच हुने गरेको शिक्षक अमृतको अभिमत छ । अन्तरक्रिया भाषिक र भाषेतर (आँखा, हात, मुख, अनुहार आदि) हुने गरेको उनको स्पष्टोक्ति छ । भाषिक अन्तरक्रिया जति बढी भयो त्यति बढी सिकाइ हुने गरेकाले विद्यार्थीलाई कक्षामा 'नबोलिकन बस' भन्दा पनि 'बोल, केही सोध' भन्ने गरिएको शिक्षक आरतीको अभिमत छ । विद्यार्थीले के गरिरहेको छ, उसको दृष्टि र ध्यान कता छ, त्यसको मनोविज्ञान बुझेर वा आँखा जुधाएर पनि छलफल, तर्कवितर्क आदिका माध्यमबाट भाषिक र भाषेतर अन्तरक्रिया भइरहेको शिक्षक दुर्गाको प्रतिक्रिया छ । यस प्रकारको सिकाइबाट सिकाइ दीर्घकालीन, सरल र स्वाभाविक हुने तर्क शिक्षक जमुनाको छ । नोट लेखाइदिने, शिक्षक एकोहोरो बोलिरहने नभई पाठ्यवस्तु दिएपछि पर्याप्त छलफल गर्न लगाई त्यसबाट विषयान्तर भएमा मात्र शिक्षकले सहयोग गर्ने हो, शिक्षकले निष्कर्ष र पृष्ठपोषण दिने हो । सिकाइ सहजीकरणमा अन्तरक्रियाका विषयमा शिक्षक नारायणको अभिमत छ :

स्नातक तहको सिकाइमा विद्यार्थीमा विश्लेषणात्मक सोच र जिज्ञासामा आधारित सिकाइतर्फ प्रेरित त गराइन्छ । यसमा आलोचनात्मक रूपमा पनि बुझ्ने, खोज्ने गर्छन् र तिनका ती भावनाको सम्बोधन गरिन्छ ।उसका जिज्ञासालाई निरुत्साहित नगरी विषय उठानलाई तर्कपूर्ण ढङ्गले सम्बोधन गरिन्छ र विद्यार्थीमा यस्ता कार्यतर्फ प्रशंसापूर्वक प्रेरित गर्ने काम हुन्छ ।

शिक्षक नारायण तथा अन्य शिक्षकको शिक्षक विद्यार्थी अन्तरक्रियाको अभिमतका आधारमा स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा यसको पर्याप्त उपयोग भएको स्पष्ट हुन्छ । सिब्ली (सन् १९९०), तथा गुलक (सन् २०१३) ले पनि सिकाइ सहजीकरणमा शिक्षक विद्यार्थी अन्तरक्रियालाई महत्त्व दिन्छन् । यसबाट सिकारुको क्रियाशीलता नै सफल सिकाइको आधार हो भन्ने स्पष्ट हुन्छ ।

**आत्मप्रतिबिम्बन :**

सिकाइ सहजीकरणमा आत्मप्रतिबिम्बनलाई विभिन्न कोणबाट हेरिएको छ । यो शिक्षकमा हुनुपर्ने गुण हो । पढाइसकेपछि उनीहरूले कति बुझे र कति बुझाउन सकेँ भन्ने आत्म मूल्याङ्कन सधैँ हुने गर्छ भन्ने अभिमत शिक्षक अमृतको छ । आत्मप्रतिबिम्बनको महत्त्वका विषयमा शिक्षक आरतीको अभिमत छ :

सिकाइ सहजीकरणमा आत्मप्रतिबिम्बन आवश्यक हुन्छ । यो त शिक्षण सिकाइको धर्म नै हो । मैले आज विद्यार्थीलाई यति कुरा दिएँ, थप कुरा दिन सकिन कि ! विद्यार्थी सन्तुष्ट भएनन् कि ! भन्ने लाग्छ । तर यो भन्दैमा विद्यार्थीलाई केही नदिएको भन्ने चाहिँ होइन, हामी सिकाइ सहजीकरणमा अघि बढिरहेका हुन्छौँ । यसर्थ आत्म प्रतिबिम्बनले शिक्षकको कर्तव्यमा थप बोध गराउँछ । यस्तो प्रतिबिम्बन दैनिक, मासिक, साप्ताहिक, त्रैमासिक तथा वार्षिक रूपमा नै उपयोग गर्नुपर्ने हुन्छ । यो निरन्तर हुनुपर्ने हुन्छ । पेशाप्रतिको दायित्व र इमानदारिता पनि आत्म प्रतिबिम्बन हो । शिक्षकको धर्म पनि हो । यसबाट सिकाइ

सहजीकरणलाई थप गतिशील र प्रभावकारी बनाउन सहयोग गर्छ ।
शिक्षक आरतीको जस्तै शिक्षक दुर्गाको पनि तर्क छ : आत्मप्रतिबिम्बन दैनिक, त्रैमासिक र वार्षिक रूपमा चलिरहने प्रक्रिया हो । सम्बन्धित विषयमा मैले कति दिन सकेँ, मेरो शिक्षणबाट विद्यार्थी कति सन्तुष्ट छन्, अब म भोलि यसरी कक्षामा प्रस्तुत हुन्छ भन्ने भाव यसबाट जागृत भइरहन्छ । यसले सिकाइलाई गतिशील र प्रभावकारी बनाउन पनि सहयोग गर्छ । यसैगरी विद्यार्थीमा पनि स्वमूल्याङ्कन आवश्यक छ भन्दै शिक्षकले एकैदिन ह्वारह्वार दिन्छन् भन्ने होइन, आत्मप्रतिबिम्बन गरेर हिजो नपुगेका, छुटेका कुरा आज दिएर आफू सन्तुष्ट बन्न सकिन्छ ।

भाषा शिक्षकका विविध अभिमतका आधारमा स्नातक तहको सिकाइ सहजीकरणमा आत्मप्रतिबिम्बनको उपयोग हुँदै आएको र यो महत्त्वपूर्ण पनि देखिन्छ ।

**सिकारुलाई सिकाइमा समान अवसर :**

सिकाइ सहजीकरणमा सिकारुलाई सिकाइमा दिइने अवसरको पक्ष पनि आउँछ । छात्र छात्रा, मातृभाषी, दोस्रो भाषी नेपाली, अगाडि बस्ने, पछाडि बस्ने, कम क्षमताका, टाठा सबै खालका विद्यार्थीलाई भेदभाव नगरी सिकाइमा समान अवसर दिइएको अभिमत शिक्षक अमृतको छ । यसैगरी शिक्षक आरतीको तर्क छ - असल प्रतिभाहरू कक्षाको अन्तिम बेन्चमा पनि हुन सक्छन् । उनीहरूको प्रतिभालाई महत्त्व दिनुपर्छ । अघिल्लो बेन्चमा बस्नेले मात्र पढ्न लेख्न जान्दछन् भन्ने होइन, अगाडि त स्वतः जान्ने हुन्छन् । पछाडि बस्नेलाई विशेष माया ममता गर्ने, उनीहरूलाई प्राथमिकता दिएर सिकाइमा सहयोग गर्नुपर्छ र गरिएको पनि छ । यस्तै अभिमत शिक्षक दुर्गाको पनि छ - मैल कति गरेको छु, त्यो विद्यार्थीले भन्ने कुरा हो तर सरले उसलाई मौका दियो, मलाई दिएन भन्ने गुनासो कुनै विद्यार्थीबाट आएको छैन । कसैलाई भेदभावपूर्ण व्यवहार हुँदैन । यस्तै शिक्षक जमुनाको धारणा केही भिन्न छ - विद्यार्थी सङ्ख्या, समय, पाठ्यक्रमको प्रकृति आदिका आधारमा हरेक दिन हरेकलाई पालो दिने भन्ने हुँदैन तर समावेशिताका आधारमा सबैले सिकाइमा समान अवसर पाएकै छन् । कुनै विद्यार्थीले सिकाइमा छुटेको वा पालो नपाएको भन्ने हुँदैन । यस्तै तर्क शिक्षक नारायणको पनि छ । हाम्रो सामुदायिक क्याम्पस भएका कारण वर्ग, लिङ्ग, जाति, भाषा भूगोललगायत आधारमा सबै विद्यार्थी समान छन् । कक्षामा आउने सबै विद्यार्थीलाई उचित माया र ममताका साथ सिकाइमा समान अवसर दिइएको छ । हाम्रो जिम्मेवारी र कर्तव्य पनि सिकाइमा अवसर दिने हो भन्ने धारणा शिक्षक कृष्णको छ । सिकाइ सहजीकरणमा आधारित भएर विभिन्न शिक्षकका अभिमतका आधारमा स्नातक तहका विद्यार्थीले सिकाइमा समान अवसर पाएको देखिन्छ ।

## प्राप्ति र छलफल

प्रस्तुत अनुसन्धानको उद्देश्य स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग अवस्था पहिल्याउनु रहेको छ । यस आधारमा तथ्याङ्कबाट प्राप्त नतिजाले स्नातक तहको सिकाइ सहजीकरण सदैव विश्लेषणात्मक, अन्तरक्रियात्मक, संवादात्मक र तर्कमा आधारित हुनुपर्ने जनाइएको छ । स्क्रिभर्नर (सन् २०१२, पृ. ३०-३२) ले यसै तथ्यलाई सङ्केत गरेको देखिन्छ । यसै गरी स्नातक तहको सिकाइ सहजीकरण भाषिक खेल, प्रकार्यमा आधारित सिकाइ, सहकार्यमा आधारित सिकाइ, समूह निर्माण, प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा जोड दिने अभिमत शिक्षकबाट प्राप्त भएको छ । यसलाई फ्रिमेन र एन्डर्सन (सन् २०१६) ले पनि जोड दिएका छन् ।

स्नातक तहको सिकाइ सहजीकरणमा सिकारुलाई सक्रिय खोजकर्ता र शिक्षकलाई सहयोगी अर्थात् सहजकर्ताका रूपमा लिइएको छ । यस तथ्यलाई भिगोत्स्कीको निर्माणवादी सिद्धान्तले आधार बनाएको छ (सन् १९८६, पृ. २११) । भिगोत्स्कीले शिक्षकको सहयोगलाई संरचात्मक टेवा (जेडपिडी) का रूपमा लिएका छन् ।

सिकाइ सहजीकरणमा बहुबौद्धिकताको उपयोग गर्नुपर्छ भन्ने अभिमत शिक्षकबाट प्राप्त भएको छ । सिकारुको सिकाइ शैली फरक भएका कारण शिक्षकले खेल, भाषण, सङ्गीत, गणित, व्याख्या, प्रश्नोत्तर, चित्र, आरेख, आलेख जस्ता विधि र सामग्रीको उपयोग गरिनुपर्ने तर्क राख्छन् । यस तथ्यलाई गार्डनर (सन् २००६) को सिद्धान्तले पुष्टि गरेको छ । शर्मा (२०७८, पृ. ४६) ले पनि सिकारुमा मौखिक, भाषागत, तार्किक, गणितीय, शारीरिक, अन्तरवैयक्तिकलगायतका बौद्धिकता रहने हुँदा सिकारुले कुन बौद्धिकताका आधारमा सिक्न सजिलो मान्छ, सोहीअनुसार सिकाइ सहजीकरण गर्नुपर्छ भन्ने धारणा राखेका छन् ।

स्नातक तहको सिकाइ सहजीकरणलाई प्रकार्यमा आधारित बनाउनुपर्ने, सहयोगात्मक सिकाइमा जोड दिनुपर्ने, व्यक्तित्व र नेतृत्व विकासका लागि उत्प्रेरित गर्नुपर्ने धारणा आएको छ। यस विचारले फ्रिमेन र एन्डर्सन (सन् २०१६), गुलक (सन् २०१३), पौडेल (२०७२) को सिकाइ मान्यतालाई आधार बनाएका छन् । यसैगरी सिकाइ सहजीकरणलाई रमणीय र सिकारुमैत्री बनाउनुपर्ने, पाठ सन्दर्भ र व्यवहारमा आधारित हुनुपर्ने, सूचना र प्रविधिमैत्री हुनुपर्ने, सिकाइ सहजीकरण सम्प्रेषणात्मक पद्धतिमा आधारित हुनुपर्ने अभिमत दिएका छन् । यसलाई थर्नबरी (सन् २००२), अडबा (सन् २०१७), पौडेल (२०७२), क्राओफोर्ड, सल्, म्याथुज र मकिन्स्टर (सन् २०१०) सँग सम्बन्धित पाउन सकिन्छ। यसैगरी सिकाइ सहजीकरणमा योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कन, सिकाइ सहजीकरणको क्रम, सिकाइ सहजीकरणमा आत्मप्रतिबिम्बन, सिकारुका लागि सिकाइमा समान अवसर, सिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोगलाई सिजाली (सन् २०१७), शर्मा र शर्मा (२०६६), सिब्ली (सन् १९९०) का मान्यता र तर्कले पुष्टि गर्छ ।

## निष्कर्ष

सिकाइ सहजीकरणलाई सिकारुका सिकाइ अनुभवको सङ्गठनका रूपमा लिइन्छ । तथ्याङ्कबाट प्राप्त नतिजा र छलफलका आधारमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको नेपाली भाषा विषयको सिकाइ सहजीकरण विद्यार्थीमैत्री र सहभागितामूलक बनाउने भनिए पनि पाठ्यक्रमको प्रकृति, सिकाइ सहजीकरणको अवस्था तथा हाम्रो मूल्याङ्कन प्रणाली हेर्दा शिक्षककेन्द्रित नै बनेको देखिन्छ । कक्षा व्यवस्थापन, सिकाइमा सूचना र प्रविधिको उपयोग तथा सिर्जनात्मक र परियोजना कार्यहरू अपेक्षित उद्देश्यमूलक र शैक्षणिक बनिसकेको अवस्था छैन । योजनाबद्ध सिकाइ सहजीकरण, उत्प्रेरणा र पृष्ठपोषण तथा कक्षाकार्य र गृहकार्य उपयोगको अवस्था सन्तोषजनक देखिनुले हाम्रा कक्षाकोठामा गरिने सिकाइ सहजीकरण कार्य उपलब्धिमूलक बन्ने क्रममा रहेको देखिन्छ । सिकाइका क्रममा सिकारुलाई स्वतन्त्रता र सम्मान दिई बहुबौद्धिकताको उपयोग गर्दै सिकाइमा सहयोग गर्ने कार्यले भने पूर्णता पाएको पाइँदैन ।

स्नातक तहको नेपाली भाषा सिकाइ सहजीकरणमा स्तर अनुकूल सिकारुमैत्री शैक्षणिक सामग्री र कार्यकलापको उपयोग गरी सिकारुमा व्यक्तित्व र नेतृत्व विकासका सम्भावनाको खोजी कार्य आवश्यक देखिन्छ । सहयोगात्मक सिकाइमा जोड दिई सिकाइ पिरामिडमा आधारित व्यक्तिगत, जोडीगत, समूहगत र कक्षागत सिकाइमा केन्द्रित गराउँदै सिकाइलाई प्रस्तुतीकरण, अभ्यास र उत्पादनमुखी बनाउन आवश्यक देखिएको छ । सिकाइ सहजीकरणमा निरन्तर मूल्याङ्कन र सहकार्यकलापलाई व्यावहारिक र उपयोगीमूलक बनाउन जरुरी देखिन्छ । हाम्रा कक्षा कार्यमा सिकारुलाई एकै किसिमले सिकाउने तरिकामा परिवर्तन ल्याई शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी तथा विद्यार्थी-विज्ञ अन्तरक्रिया आवश्यक देखिन्छ । यस क्रममा सिकारुलाई ज्ञानको हस्तान्तरण गर्नुभन्दा सिकारुमा नै ज्ञान निर्माण गर्ने अवसर प्रदान गर्नु पर्दछ । यसका लागि सिकारुलाई नै अधिकतम भाषिक समस्यामा खेल्न लगाई उनीहरुमा जिज्ञासा र समालोचनात्मक चिन्तनको उपयोग गर्नु जरुरी देखिन्छ ।

## सन्दर्भसूची


आचार्य, देवीप्रसाद (२०७७, साउन २०). अनुसन्धान भन्छ : भिगोत्स्की मोडेलको शिक्षा र सिकाइ उपयुक्त. *शैक्षिक पोस्ट*. पृ. १४-१७ ।

पौडेल, नेत्रप्रसाद (२०७२). *नेपाली भाषा सिकाइमा बाल विकासको प्रभाव*. [अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध]. त्रिभुवन विश्वविद्यालय ।

मैनाली, गुरुप्रसाद र मैनाली, मोहन (सम्पा.) (सन् २०१०). विश्लेषणात्मक चिन्तन शिक्षण र सिकाइ रणनीतिः सामाजिक संवादका लागि सहकार्य ।

शर्मा, ऋषिराम (२०७८). भाषाशिक्षणमा बहुबौद्धिकताको प्रयोग. *शिक्षा* ३७ (५१). पृ. ४१-४७ ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६९). *भाषाशिक्षणका सन्दर्भहरू*. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६). *शिक्षा मनोविज्ञान*. एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

Adaba, H.W. (2017). Exploring the Practice of Teacher Student Classroom Instruction in EFL to Develop the Learners' Speaking Skill in Tulu Sanggota Primary School Grade Eight Student in Focus. *Arts and Social Science Journal* 8(4), pp.3-18.

Freeman, D.L.& Anderson, M. (2016). *Techniques and Principles in Language Teaching*. OUP.

Gardner, H. (2006). *Multiple Intelligence: New Horizons in Theory and Practices*. Basic Books.

Gulek, M. (2016). *Task Based Language Teaching*. Yavuzeli Bakirca Secondary School.

Richards, J.S. & Rodgers, T.S. (2016). *Approaches and Methods in Language Teaching*. CUP.

Scriverner (2012). *Classroom Management Techniques*. CUP.

Sibley, M.L. (1990). *Teacher Student Instructions in the ESL Classroom: An Investigation of Three Part Exchanges, Teacher Feedback and the Role of Gender*, [A Thesis Degree, Master of Arts]. Lover State U.

Sijali, K.K. (2017). Effectiveness of Cooperative Language for Improving Learners Proficiency Level of English Language in Secondary Level Education in Nepal. *Journal of NELTA* 22 (1-2), pp.13-25.

Thornbury, S. (2002). *How to Teach Grammar*? Pearson Education. Edinburgh Gate. Harlow.

Vigotski, L. S. (1978). *Mind and Society*. Harvard UP.

Vigotski, L.S. (1986). *Thought and Language*. MIT.